फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.con

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- २०७७/०७८
चलानी नं.:- 546

मितिः २०७८/११/१३

बिषयः- **सन्दर्भ ब्याजदर सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जरुरी सूचना ।**

सहकारी ऐन, २०७४ को दफा ५१ वमोजिम सन्दर्भ ब्याजदर निर्धारण समितिको सिफारिसमा सहकारी संघ/संस्थाहरुको लागि मिति २०७८।११।१५ गते देखि लागू हुने गरी सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६% तोकिएको छ । सबै सहकारी संघ/ संस्थाहरुले सदस्यहरुलाई ऋण प्रवाह गर्दा अधिकतम् सीमा १६% मा नबढ्ने गरी, बचत र ऋणको ब्याजदरको अन्तर ६% कायम हुने गरी र बचत तथा ऋणको कारोवार गर्ने सबै संघ/संस्थाहरुले प्रवाह गर्ने ऋण लगानीमा व्यक्तिगत तर्फ १% र सामूहिक जमानी तर्फ १.५% भन्दा बढी सेवा शुल्क लिन नपाउने गरी सन्दर्भ ब्याजदर लागू गर्ने व्यवस्था गर्नु गराउनु हुन सूचित गरिन्छ । यसरी तोकिएको सन्दर्भ ब्याजदर सहकारी संघ/संस्थाहरुका लागि निर्देशक ब्याजदरको रुपमा रहने हुँदा सहकारी विभाग र राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय विषयगत संघहरुबाट पालनाको अनुगमन गर्दा सहकारी कानून बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार